सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय
बबरमहल, काठमाडौं
फोन नं : ०१-४२५९६०२
फ्याक्स : ०१-४२४८२५१
Web: www.supremecourt.gov.np
Email: jed@supremecourt.gov.np

प. सं. ०७६/७७
च. नं. ४५३

मिति २०७६।११।६

विषयः- वक्यौता, दण्ड जरिवाना असुल गर्ने बारे ।

श्री सवै जिल्ला अदालतहरु,

उपरोक्त सम्वन्धमा मिति २०७६।४।५, च.नं. ३३ को परिपत्र प्राप्त भै व्यहोरा अवगत भएको होला ।

सो सम्वन्धमा न्यायपालिकाको चौथो पञ्चबर्षिय रणनितिक योजना (०७६।७७-०८०।८१) लागु भै हाल कार्यान्वयनको अवस्थामा रहेको तथ्य सबैमा विदितै छ । न्यायपालिकाको चौथो रणनितिक योजनाको उद्देश्य १.५ (ख) मा बक्यौता, दण्ड जरिवाना र सरकारी विगो असुल उपर गर्ने शिर्षक अन्तर्गत योजनाको पहिलो बर्ष(यो आ.व.२०७६।७७) मा वि.सं. २०३५ साल सम्मका सवै वक्यौता, दण्ड जरिवाना र सरकारी विगो, आ.व. २०७६।७७ सम्ममा अभियानको रुपमा नै असुल उपर गर्ने सिमाअवधि (time line) उल्लेख भएकोमा, कतिपय जिल्ला अदालतहरुबाट पठाईएको मास्केवारी फा.नं. १९ मा मिति २०११-२०३० साल सम्मका, पुराना बक्यौता लगत (जम्मा १६० थान) समेत उल्लेख भई आई रहेको देखिदा, सो तर्फ यस निर्देशनालयको ध्यानाकर्षण भएको छ । अतः चौथो पञ्चवर्षिय रणनीतिक योजनामा उल्लेख भएको उद्देश्य १.५ (ख) को उद्देश्य पुरा गर्ने दिशातर्फ अझ अग्रसर भई त्यस्ता पुराना बक्यौता दण्ड जरिवाना र सरकारी विगो अभियानको रुपमा असुल उपर गरी यथाशिघ्र लगत कट्टा गरि गराई सो को जानकारी यस निर्देशनालयमा पठाउनु होला ।

२०७६।११।६

गजेन्द्रबहादुर सिंह
महानिर्देशक

<u>बोधार्थ</u>

श्री सर्वोच्च अदालत,
आन्तरिक तथा जिल्ला प्रशासन महाशाखा ।